विगो नं.-१९ (०८२/८३)

तहसिल शाखा

तेह्थुम जिल्ला अदालत

लिलाम बढाबढको सूचना

वादी मान बहादुर श्रेष्ठको नाति खड्म बहादुर श्रेष्ठको छोरा जिल्ला तेह्थुम म्याङलुङ नगरपालिका वडा नं. १ बस्ने वर्ष ३६ को डम्बर बहादुर श्रेष्ठ तथा प्रतिवादी मान बहादुर कार्कीको बुहारी देवी बहादुर कार्कीको पत्नी जिल्ला तेह्थुम फेदाप गाउँपालिका वडा नं. २ बस्ने अन्दाजी वर्ष ३२ को समी राई भएको चेक अनादर मुद्दामा यस अदालतको मिति २०८२/०९/०१ गते भएको फैसला बमोजिम चेक बमोजिमको रकम रू.६,३७,५००/- (छ लाख सैंतीस हजार पाँच सय रुपैयाँ) र अन्तीम पटक चेक अनादर भएको मितिबाट भरी भराउ हुने मिति सम्मको वार्षिक १०% का दरले व्याज समेत प्रतिवादीबाट वादीले भराई लिन पाउने ठहरी फैसला भई वादीलाई भराउनु पर्ने विगो रकम प्रतिवादीले वादीलाई नबुझाएको र सो रकम अदालतमा दाखिल गर्न समेत नल्याएको हुँदा फैसला कार्यान्वयनको अवस्थामा मिति २०८३/१/२४ मा म्याद तामेल भई वादीले विगो असूल उपरका लागि देखाएको जायजेथाको जायदात मुचुल्का भई पञ्चकृति मुल्याङ्कन समेत भएर वादीले देखाएको उल्लेखीत सम्पत्ति मिति २०८३/७/११ गते यस अदालतमा पहिलो पटकको डाँक लिलाम हुने भएकोले डाँक बढाबढ गरी डाँक लिलाम सकार गर्न चाहने सर्वसाधारण सबैको जानकारीको निमित्त यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

१. यस अदालतको तहसिल शाखामा मिति २०८३/७/११ गते दिनको ११ बजेदेखि २ बजेसम्म डाँक लिलाम हुने भएकोले उक्त डाँक लिलाममा उपस्थित भई बोलकवोल गर्न सकिनेछ।
२. डाँक लिलाम गर्न तोकिएको दिन सार्वजनिक विदा परे सोको भोलिपल्ट डाँक लिलाम हुनेछ।
३. कायम भएको न्यूनतम पञ्चकृति मूल्यबाट डाँक बढाबढ गर्नुपर्नेछ ।
४. डाँक लिलामको बखत बोलकवोल गरेको अंकको १० प्रतिशतले हुन आउने रकम सोही दिन दाखिल गर्नुपर्नेछ । बाँकी बोलकवोल रकम डाँक लिलाम भएको मितिले सात दिनभित्र दाखिल गर्नुपर्नेछ । त्यसरी सात दिनभित्र बाँकी रकम दाखिला नगरे डाँक लिलाम भएको दिन दाखिल भएको १० प्रतिशत रकम जफत गरी पुनः डाँक लिलामको सूचना प्रकाशित गरिनेछ ।
५. डाँक लिलाम बढाबढ हुँदा सबैभन्दा बढी अंक बोलकबोल गर्नेलाई डाँक सकार गराइनेछ।
६. डाँक लिलाम सम्बन्धमा बुझ्नुपर्ने भए यस अदालतको तहसिल शाखामा सम्पर्क राख्नु होला।
७. डाँक लिलाम हुने सम्पत्तिको विवरण

सि.नं.	जग्गाधनीको नामथर	जिल्ला	गा.वि.स./ न.पा.	कि नं	क्षेत्रफल	लिलाम हुने जग्गाको तर्फ	लिलाम हुने क्षेत्रफल	डाँक बोल्नुपर्ने न्यूनतम अंक	कैफियत
१	देवी बहादुर कार्की	तेह्थुम	म्याङलुङ-९	१९४१	०-७-१-०	विगो रकमले खामे जती।	विगो रकमले खामे जती।	पञ्चकृति मुल्याङ्कन बमोजिम	

सूचना टाँस हुने

- जिल्ला प्रशासन कार्यालय, तेह्थुम
- कोष तथा लेखा नियन्त्रकको कार्यालय, तेह्थुम
- भूमि प्रशासन कार्यालय, तेह्थुम
- नापी कार्यालय, तेह्थुम
- म्याङलुङ नगरपालिका वडा नं. १ को कार्यालय
- साविक म्याङलुङ -९ को कि.न.१९४१ को जग्गा
- अदालतको सूचना पाटी

.....